# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८५/०८२
चलानी नम्बर : २५८५

मितिः २०८२/०२/०८
ने.सं.११४५ वछलागा १०

विषयः रिक्त पदमा स्थायी शिक्षक सरूवासम्बन्धी सूचना

श्री जो जससँग सम्बन्धित छ ।

अर्घाखाँची जिल्ला मालारानी गाउँपालिका अन्तर्गत श्री सिद्धार्थ माध्यमिक विद्यालय, मालारानी-६, रतनमारेमा रिक्त रहेको माध्यमिक तह गणित विषयको शिक्षक पदमा सरूवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं.७२, मिति २०८२/०२/०४ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावली, (संशोधन सहित) २०५९ को अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरूवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना siddharthamavi55@gmail.com मार्फत् समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।

३. दरखास्त पेश गर्ने अन्तिम म्यादको दिन सार्वजनिक विदा परेमा सार्वजनिक विदापछि विद्यालय खुलेको दिन विद्यालय समयभित्र दरखास्त पेश गर्न सकिनेछ ।

२०८२/२/८
...................
गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री शिक्षा विकास तथा समन्वय इकाइ, अर्घाखाँची ।
श्री सिद्धार्थ माध्यमिक विद्यालय, मालारानी-६, रतनमारे, अर्घाखाँची ।